# आर्थिक विधेयक, २०७९ ले प्रदान गरेका छुट तथा

# सुविधाहरूबाट लाभान्वित हुने बारे करदाता सेवा कार्यालय सन्धिखर्कको सूचना !

आर्थिक विधेयक, २०७९ ले देहाय बमोजिमका छुट तथा सुविधा प्रदान गरेको हुँदा सम्बन्धित करदातालाई समयमै यस कार्यालयमा सम्पर्क गरी निवेदन पेस गरी उपलब्ध छुट सुविधा (स्किम)को अधिकतम लाभ उठाउनुहुन सूचित गरिन्छ ।

## १. कोरोना छुट सहुलियत (दफा २१)

**क. पूर्वानुमानित कर (डे-०१) बुझाउने करदाताका लागि (भ्याटमा दर्ता नभएका)**

- आ .व .२०७८/७९ को आयमा ७५% छुट हुने।
- आय विवरण र सोबमोजिमको कर दाखिला गर्ने अवधि :- श्रावण १ देखि असोज मसान्तसम्म (३ महिना)
- असोज मसान्त सकिएसँगै ढिला शुल्क, जरिवाना र ब्याजसमेत लाग्ने।
  - महानगर/उपमहानगरपालिका क्षेत्रमा : रु. ७५००/- मा ७५% छुट हुँदा तरिनुपर्ने रु. १८७५ मात्र
  - नगरपालिका क्षेत्रमा : रु. ४०००/- मा ७५% छुट हुँदा तिर्नुपर्ने रु. १००० मात्र
  - गाउँपालिका क्षेत्रमा रु. २५००/- मा ७५% छुट हुँदा तरिनुपर्ने रु. ६२५ मात्र

**ख. कारोबारको आधारमा कर (डे-०२) बुझाउने करदाताका लागि**

- आ.व. २०७८/७९ को आयमा ५०% छुट हुने।
- आय विवरण र सोबमोजिमको कर दाखिला गर्ने अवधि :- श्रावण १ देखि असोज मसान्तसम्म (३ महिना)
- असोज मसान्त सकिएसँगै ढिला शुल्क, जरिवाना र ब्याजसमेत लाग्ने।

**ग. तोकिए बमोजिम डे-०३ विवरण बुझाउने करदाताका लागि (भ्याटमा दर्ता भएका समेत)**

- होटल,ट्राभल,ट्रेकिङ,चलचित्र व्यवसाय (निर्माण वितरण तथा प्रदर्शन) पार्टी प्यालेख, सञ्चार गृह (मिडिया हाउस) वा यातायात सेवाको एक करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने बासिन्दा व्यक्तिलाई आय वर्ष २०७८/७९ मा आफ्नो व्यावसायिक उद्देश्य अनुरुपको आयमा आयकर ऐन,२०५८ बमोजिम लाग्ने करमा ५०% छुट हुने ।

## २. करको दायरामा आउनेलाई कर, शुल्क तथा ब्याज मिनाहा हुने (दफा २५)

- कुनै व्यक्तिले विगतमा कर लाग्ने आयार्जन गरेको तर आर्जित आयमा कर नबुझाएको भए त्यस्ता व्यक्तिले स्थायी लेखा नम्बर लिई आ. व. २०७५/७६, २०७६/७७ र २०७७/७८ (३ आर्थिक वर्षको मात्र) को आय विवरण र सोबापत लाग्ने न्यूनतम कर बुझाएमा बाँकी शुल्क र जरिवाना मिनाहा हुने।
- यसरी आय विवरण र कर दाखिला गरेमा सोभन्दा अघिको सम्पूर्ण कर दायित्व मिनाहा हुने।
  *द्रष्टव्य : यो सुविधा २०७९ पौष मसान्तसम्म मात्र पाइने।*

## ३. मिसम्याच स्किम सुविधासम्बन्धी व्यवस्था (दफा २९)

- डे-०१ तथा डे-०२ विवरण पेस करदाताले आ. व. २०७७/२०७८ सम्मको कारोबार घोषणा गर्दा वास्तविक कारोबार अङ्क फरक परेको भएमा वास्तविक कारोबार अङ्क घोषणा गरी फरक परेको बिक्री रकमको १.५% कर दाखिला गरेमा घोषणा गरेको हदसम्म कर अन्तिम हुने।
- डे-०१ तथा डे-०२ विवरण पेस गरेका करदाताको कारोबार अङ्कको घोषणामा फरक परी २०७९ जेठ १४ सम्म आयकरतर्फ संशोधित निर्धारण र मू.अ.क. तर्फ कर निर्धारण भई बक्यौता बाँकी रहेका करदाताका हकमा कर निर्धारण गर्दा कायम भएको थप बिक्री रकमको १.५% दाखिला गरेमा सोही कर अन्तिम हुने।
- मिसम्याचका कारण कर कार्यालयबाट संशोधित कर निर्धारण भई मुद्दा मामिलामा रहेका करदाताले मुद्दा फिर्ता लिई कर निर्धारण गर्दा कायम भएको थप बिक्री रकमको १.५% कर दाखिला गरेमा थप दस्तुर, जरिवाना र शुल्क मिनाहा हुने।

  *द्रष्टव्य : यो सुविधा २०७९ चैत्र मसान्तसम्म कायम रहने।*

## ४. संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) करदातालाई बक्यौता मू.अ.क. छुटसम्बन्धी विशेष व्यवस्था (दफा २६)

- मू.अ.क. मा दर्ता रहेका संयुक्त उपक्रमले २०७८ चैत्र मसान्तसम्म बुझाउनुपर्ने मू.अ.क. विवरण र मू.अ.क. रकम नबुझाएको भए बुझाउन बाँकी मू.अ.क. विवरण, मू.अ.क. रकम र ५०% ब्याज बुझाएमा बाँकी जरिवाना, थप दस्तुर र बाँकी ब्याज मिनाहा हुने।
- मू.अ.क. विवरण बुझाइसकेको तर कर दाखिला गर्न मात्र बाँकी रहेको करदाताले बक्यौता कर र ब्याजको ५०% बुझाएमा थप दस्तुर र बाँकी ब्याज मिनाहा हुने।

  *द्रष्टव्य : यो सुविधा २०७९ पौष मसान्तसम्म कायम रहने।*

## ५. अन्तःशुल्क इजाजतपत्रवालाई बक्यौता अन्तःशुल्क छुटसम्बन्धी विशेष व्यवस्था (दफा २७)

- स्वयम् निष्कासन प्रणालीमा आधारित इजाजतपत्रवाला करदाताले २०७८ चैत्र मसान्तको अन्तःशुल्क विवरण र अन्तःशुल्क दाखिला नगरेको भएमा सो विवरणबमोजिमको अन्तःशुल्क रकम र विलम्ब शुल्कबापतको ५०% रकम दाखिला गरेमा जरिवाना र बाँकी विलम्ब शुल्क मिनाहा हुने।
- विवरण बुझाइसकेका तर अन्तःशुल्क रकम दाखिला गर्न मात्र बाँकी रहेका करदातालाई समेत यो सुविधा प्राप्त हुने।

  *द्रष्टव्य : यो सुविधा २०७९ पौष मसान्तसम्म कायम रहने।*

## ६. ढुवानी साधनको भाडाबापतको खर्च कट्टीसम्बन्धी विशेष व्यवस्था (दफा २३)

- ढुवानी सेवा प्रदायक व्यवसायीले आफ्नो व्यवसाय सञ्चालनका लागि आ.व. २०७७/७८ मा स्था.ले.नं. नभएका प्राकृतिक व्यक्तिबाट ढुवानीका साधन भाडामा लिई उक्त भाडाबापत भुक्तानी गर्दा

बीजक (बिल) नभए तापनि भुक्तानी गरिएको भाडाबापतको रकम सो आय वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने।

- ढुवानी साधनको भाडाबापतको भुक्तानीमा अग्रिम कर कट्टी गरेको हुनुपर्ने।

*द्रष्टव्य* :यो सुविधा आ.व. २०७७/७८ मा मात्र लागु हुने।

## ७. सूचना प्रविधिमा आधारित कारोबारलाई प्रोत्साहन सम्बन्धी विशेष व्यवस्था (दफा २२)

- कुनै बासिन्दा व्यक्तिले आय वर्ष २०७९/८० मा बिजनेश प्रोसेस आउटसोर्सिङ्ग,सफ्टवेयर प्रोग्रामिङ्ग, क्लाउड कम्प्युटिङ्ग लगायतका सूचना प्रविधिमा आधारित सेवा प्रदान गर्ने कारोबार गरी सो बापत विदेशी मुद्रा आर्जन गरेमा त्यस्तो व्यक्तिलाई आय वर्ष २०७९/८० मा विदेशी मुद्रामा प्राप्त गरेको आयको कर योग्य आयमा १% मात्र कर ।

## ८. मौज्दात लगत कट्टा सम्बन्धी विशेष व्यवस्था (दफा २८)

- आन्तरिक राजस्व कार्यालयले स्थलगत निरीक्षण प्रतिवेदन सहित लगत कट्टाको लागि सिफारिस गरिसकेको तर लगत कट्टाको निर्णय हुने नसकेका अन्तःशुल्क इजाजतपत्र प्राप्त उद्योगहरुले पन्ध्र वर्ष भन्दा पुराना मौज्दात लगत कट्टाको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा निवेदन दिएमा त्यस्तो मौज्दातको लगत कट्टा हुने

*द्रष्टव्य : यो सुविधा २०७९ पौष मसान्तसम्म कायम रहने।*

## ९. खोप उद्योग स्थापनाको लागि आवश्यक पर्ने मेसिन तथा उपकरणमा कर छुट सहुलियत सम्बन्धी विशेष व्यवस्था (दफा ३०)

- खोप उद्योग स्थापनाको लागि स्वीकृत स्किम बमोजिम आवश्यक पर्ने मेसिन उपकरणको पैठारीमा आर्थिक वर्ष २०७९/८० मा लाग्ने भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्ध कर छुट हुने।

## १०. तरल अक्सिजन उद्योग स्थापनाको लागि आवश्यक पर्ने मेसिन तथा उपकरणमा कर छुट सहुलियत सम्बन्धी विशेष व्यवस्था (दफा ३१)

- तरल अक्सिजन उद्योग स्थापनाको लागि आवश्यक पर्ने भन्सार उपशीर्षक ८४२१.३९.१० मा पर्ने मेसिन उपकरणको पैठारीमा आर्थिक वर्ष २०७९.८० मा लाग्ने भन्सार महसुल , अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर छुट हुने